# बेलका नगरपालिका
# नगर कार्यपालिकाको कार्यालय
## रामपुर, उदयपुर
## कोशी प्रदेश, नेपाल
२०७३

प. सं. २०७९/८०(पंजिकरण)
च.नं.

बेलका नगरपालिका
नगर कार्यपालिकाको कार्यालय
रामपुर, उदयपुर
कोशी प्रदेश, नेपाल

मितिः-२०८०/०३/२८

**सामाजिक सुरक्षा भत्ता नविकरण गर्ने सम्बन्धि अत्यन्त जरुरी सूचना।**

सामाजिक सुरक्षा नियमावली, २०७६ को दोस्रो शंसोधन अनुसार नियम(९) को उपनियम(१) को नियम (८) बमोजिमको परिचयपत्र प्रत्येक आर्थिक बर्षको भदौ मसान्त भित्र नवीकरण गर्नुपर्ने ब्यबस्था रहेको हुँदा बेलका नगरपालिका बाट सामाजिक सुरक्षा भत्ता प्राप्त गर्ने लाभग्राहीहरुले आ.व. २०८०/८१ का लागि साउन १ गते देखी भदौ मसान्त भित्र आफ्नो स्थाई ठेगाना रहेको वडामा सामाजिक सुरक्षा भत्ता प्राप्त पाउने ब्यक्ति स्वयंम उपस्थित भई अनिवार्य आवश्यक कागजात सहित परिचयपत्र नवीकरणका लागी निवेदन दिनहुन सम्बन्धित सबैमा जानकारी गराईन्छ।
समयमा परिचयपत्र नबिकरण नगराएमा सामाजिक सुरक्षा भत्ताको लाभग्राही सुचीमा नाम समावेश नहुने हुँदा समयमा नवीकरण गराउने कार्यमा सहयोग गर्नुहुन अनुरोध छ।

**नवीकरणका लागी आवश्यक कागजातहरुः-**

**१. अनुसुची २ बमोजिमको निबेदन**

**२. पासपोर्ट साईजको फोटो २ प्रती**

**३. सामाजिक सुरक्षा भत्ता परिचयपत्रको सक्कल र एक प्रती प्रतिलिपी**

**४. सामाजिक सुरक्षा भत्ता पाउने व्यक्तिको नेपाली नागरिकताको प्रमाण पत्रको सक्कल र एक प्रति प्रतिलिपी(बालबालिकाको हकमा बाहेक)**

**५. बालबालिकाको हकमा जन्मदर्ता प्रमाणपत्रको सक्कल र एक प्रती प्रतिलिपी**

**६.विधवा महिलाको हकमा पतिको मृत्यु दर्ताको प्रमाण पत्रको सक्कल र एक प्रती प्रतिलिपी**

**७. अपाङ्गता भएको ब्यक्तिको हकमा प्रचलित कानुन बमोजिम जारी भएको अपाङ्गता परिचय पत्रको सक्कल र एक प्रती प्रतिलिपी**

**८. सामाजिक सुरक्षा भत्ता पाउने व्यक्ति आफै उपस्थित हुन नसके संरक्षक,माथवर वा स्याहार सुसार गर्ने ब्यक्तिले निवेदन दिएकोमा निजको नागरिकताको प्रमाणपत्रको सक्कल र एक प्रती प्रतिलिपी**

**९. बैंक खाता नंम्बर उल्लेख भएको चेक बुकको प्रतिलिपी**

**१०. सम्पर्क नंम्बर**

२०८०।३।२८

**अम्विका निरौला**
**एम.आई.एस.अपरेटर**
अम्बिका निरौला
एम.आई.एस.अपरेटर

**रमेश गौतम**
**प्रमुख प्रशासकीय अधिकृत**
रमेश गौतम
प्रमुख प्रशासकीय अधिकृत